# घर भाडामा लिने सम्बन्धी सूचना

(प्रकाशित मिति २०७८/०९/०१)

गरिमा विकास बैंक लिमिटेडको शाखा कार्यालय सञ्चालनको लागि देहाय बमोजिमको स्थानमा उपयुक्त घर भाडामा लिनुपर्ने भएकोले ईच्छुक घरधनीहरुले सूचना प्रकाशित मितिबाट **१५ दिन** (२०७८/०९/१५) भित्र कार्यालय समयमा आवश्यक कागजात सहित बैंकको प्रधान कार्यालय, सामान्य प्रशासन विभागमा तोकिएको ढाँचा बमोजिमको निवेदन पेश गर्नुहुन अनुरोध छ। निवेदनको ढाँचा बैंकको तल उल्लेखित प्रधान कार्यालयबाट प्राप्त गर्न सकिनेछ।

**(क) घर भाडामा चाहिएको स्थान सम्बन्धी विवरण :**

**प्रस्तावित स्थानहरु :**

| क्र. सं | कार्यालयको नाम | प्रदेश नं. | जिल्ला | म.न.पा/न.पा/ गाँउपालिका | वडा नं. | टोल/गल्ली | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | बुटवल क्लस्टर/ड्राइभरटोल शाखा | ५ | रुपन्देही | तिलोत्तमा नगरपालिका | १ | ड्राइभरटोल | |
| २ | लालवन्दी क्लस्टर/शाखा | २ | सर्लाही | लालवन्दी नगरपालिका | ७ | लालवन्दी | |

**प्रस्तावित घरको क्षेत्रफल : कम्तिमा २००० वर्गफिट आवश्यक।**

**(ख) शर्तहरु :**

(१) घर पक्की हुनुपर्ने छ।

(२) घरको बाहिरी बनाबटमा कुनै असर नपर्ने गरी भित्री बनावटलाई बैंकले आफ्नो आवश्यकता बमोजिम पुनर्निर्माण गर्नुपर्ने भएकोले सो को लागि घरधनी सहमत हुनुपर्नेछ।

(३) कम्तिमा घर १० वर्ष सम्मका लागि सम्झौता गर्न घरधनी सहमत हुनुपर्नेछ साथै सम्झौता गर्ने समयमा घर खाली भईसकेको हुनुपर्नेछ।

(४) बैंकले बेरोकतोक स्वतन्त्रतापुर्वक उपभोग गर्न पाउने क्षेत्रफल माथि उल्लेख भए बमोजिम हुनुपर्नेछ। पायक पर्ने स्थान भएमा क्षेत्रफल सम्बन्धमा बैंक लचिलो हुन सक्नेछ।

(५) कार्यालय रहने घरमा कार्यालयका लागि आवश्यक पानी, ढल, पार्किङ, लगायतका सुविधा भएको हुनुपर्नेछ।

(६) बैंकले तयार पारेको निवेदन फाराममा उल्लेख भएका विषय वस्तुहरु घरधनी स्वयंले स्पष्टसंग भरेको हुनुपर्नेछ।

(७) कुन घर भाडामा लिने भन्ने निर्णय बैंक व्यवस्थापनको हुनेछ। निवेदक घरधनीले आफ्नो घर के कति कारणले भाडामा नलिएको हो भन्ने विषय उठाई कुनै विवाद गर्न पाइनेछैन।

(८) बैंकले भाडामा लिने घरमा ३ Phase Line, तथा संचारका लागि आवश्यक उपकरणहरु जडान गर्नुपर्ने भएकोले सो को लागि घरधनी सहमत हुनुपर्नेछ। साथै बैंकको लागि आवश्यक जेनेरेटर लगायतका उपकरण राख्ने स्थान भएको हुनुपर्नेछ।

(९) घरभाडा सम्झौताका अन्य शर्तहरु घरभाडामा लिनेदिने सम्बन्धी करारनामा गर्दाको बखत दुई पक्षको सहमतिमा तय गरिनेछ।

**(ग) निवेदन सँग संलग्न गर्नुपर्ने कागजातहरु :**

(१) घरधनीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(२) लालपुर्जा तथा तिरो/सम्पत्तिकर तिरेको रसिदको प्रतिलिपि,

(३) घरको नक्सा पास गर्नुपर्ने स्थानको हकमा सम्बन्धित निकायबाट स्वीकृत घरको नक्सा पास प्रमाण तथा घर निर्माण सम्पन्न भएको प्रमाण पुग्ने कागजात,

(४) रितपुर्वक भरेको निवेदन फाराम,

*"Access to All"*

**गरिमा विकास बैंक लिमिटेड**

**Garima Bikas Bank Limited**

**नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था**

**प्रधान कार्यालय:** लाजिम्पाट, काठमाण्डौं, **फोन :** ०१-४४४५४२४, ४४४५४२६, **फ्याक्स :** ०१-४४४५४३०

**ईमेल :** info@garimabank.com.np, administration@garimabank.com.np **वेभसाइटः** www.garimabank.com.np